नेपाल सरकार

अर्थ मन्त्रालय

# महालेखा नियन्त्रक कार्यालय

# Financial Comptroller General Office

(कोष प्रशासन शाखा)

पत्र संख्या: २०७६/७७/४.१

मिति: २०७६।१२।२७

चलानी नं.: २०१

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय

सबै।

**विषय :** स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोष सञ्चालन व्यवस्था सम्बन्धमा।

प्रस्तुत विषयमा श्री अर्थ मन्त्रालयको मिति २०७६/१२/२१ को पत्रबाट स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोष सञ्चालन व्यवस्था मिलाउन भनी लेखी आएको विषयमा यस कार्यालयको मिति २०७६/१२/२१ पत्रबाट स्थानीय तह ग ७.२ (स्थानीय तह प्रकोप व्यवस्थापन कोष ) खाताबाट सञ्चालन हुने गरी जिल्लास्थित सबै स्थानीय तहमा श्री अर्थ मन्त्रालयको मिति २०७६/१२/२१ को पत्र अनुसारको व्यवस्था मिलाउन हुन लेखी पठाएकोमा सो अनुसार नभएको जानकारीमा आएकाले तपशील अनुसार व्यवस्था मिलाउनहुन आदेशानुसार अनुरोध छ ।

तपशील

१. नेपाल सरकारबाट भएको वित्तीय हस्तानतरण मध्ये समानीकरण अनुदान, राजस्व बाँडफाँट तथा स्थानीय तहकाको आफ्नै राजस्व समेतका श्रोतबाट खर्च हुने बजेट खर्च शिर्षकबाट कोरोना रोकथाम नियन्त्रण र उपचार कोषमा रकम जम्मा गरी खर्च गर्न मिल्ने बजेट खर्च शिर्षकमा रकमान्तर गरी बजेट व्यवस्था मिलाउने ।

२. स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोषबाट खर्च गर्दा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७६/१२/१६ को निर्णय अनुसार राहात सामाग्री उपलव्ध गराउने प्रयोजनमा खर्च गर्ने ।

३. स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोष सञ्चालनका लागि स्थानीय तह प्रकोप व्यवस्थापन कोष (ग ७.२) खाता खोली सोबाट राहात सामाग्री खरिद तथा वितरणका लागि आवश्यक रकम खर्च गर्ने ।

४. स्थानीय तहमा कोरोना रोकथाम नियन्त्रण र उपचार कोषको छुट्टै श्रेस्ता खडा गरी लेखापालन गर्ने ।

भेषप्रसाद भुर्तेल

उपमहालेखा नियन्त्रक

बोधार्थ

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौ।:- आवश्यक निर्देशन तथा सबै स्थानीय तहहरुमा व्यवस्था मिलाउन सहयोगका लागि अनुरोध गरिन्छ ।